**नेपाल नागरिक उड्डयन प्राधिकरण**

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,

**गौचरको**

## शिलवन्दी वोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७९।०६।१४)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फको भुई तल्ला (चेकइन एरिया)मा १७.०० वर्ग मिटर क्षेत्रफलमा Baggage Wrapping सेवा संचालन गर्नको लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले नेपाल सरकारको सम्वन्धित निकायवाट इजाजत प्राप्त गरेका इच्छुक फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही वोलपत्र फाराम पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः-**

१. यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय वाणिज्य वैक गौचर शाखामा रहेको यस कार्यालयको हि.न. १६९०१००००००११००६ मा रु. ३०००।- (अक्षरेपी तीन हजार रुपैयाँ मात्र) (मू.अ.कर बाहेक) जम्मा गरी (पछी फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद *(Tax Invoice)*, नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. वोलपत्रसाथ रजिस्टर्ड फर्म/कम्पनी दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्वन्धीत निकायवाट व्यवसाय संचालन गर्ने अनुमती प्राप्त इजाजत पत्र, *VAT/PAN* दर्ता प्रमाण पत्र, आ.ब.२०७७/०७८ सम्मको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, संचालकको नागरिकताको प्रतिलिपी, व्यवसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्वन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ ।

३. ठेक्का अबधि ५ (पाँच) बर्षको हुनेछ । उक्त ५ बर्ष अबधिको न्युनतम ठेक रकम रु. २४,४८,०००।- (अक्षरेपी चौविस लाख अड्चालिस हजार रुपैयाँ) कायम गरिएको छ । साथै दोस्रो बर्ष देखि कुल ठेक रकममा कार्य सम्पन्न भएको बर्षको रकम घटाई बाँकी हुन आउने ठेक रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरे बमोजिमको मूल्य बृद्धि सूचकाङ्क अनुसार थप गरी बहाल रकम बुझाउनुपर्नेछ ।

४. यस कार्यालयलाई तिर्न वुझाउनु पर्ने बाँकी बक्यौता भएका फर्म/संस्था वा कम्पनी र सो फर्म, संस्था वा कम्पनीको व्यक्ति हिस्सेदार भएको फर्म/संस्था वा कम्पनीले सो वक्यौता फछ्र्यौट गरेको कागजात पत्र बोलपत्र फारम खरिद गर्नु पूर्व पेश गर्नुपर्नेछ ।

५. बोलपत्रसाथ आफूले कवोल गरेको बहाल रकमको ५% ले हुने रकम रा.बा.बैंक गौचर शाखामा रहेको यस कार्यालयको धरौटी हि.नं १६९०१००००००७०००१ मा जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट जारी भएको बोलपत्र खोलिने मितिबाट कम्तिमा १८० दिन मान्य अवधि भएको बैङ्क ग्यारेन्टी (*Bid Bond*) बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मिति देखि २१ (एक्काइस) दिन भित्र खरिद गरी २२ (वाइस) औं दिनको १२:०० बजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरी सक्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु २२ (वाइस) औं दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम बाहिर कुन विषयको बोलपत्र हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनुपर्नेछ ।

८. बोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा प्रष्टसंग नबुझिने गरी भरिएको बोलपत्र फारामलाई मान्यता दिइने छैन ।

९. रित नपुगी वा म्याद नाघि वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१०. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. बोलपत्रका अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१२. यो सूचना त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको Website: www.tiairport.com.np मा समेत उपलब्ध हुनेछ ।

१३. यसमा नपरेका अन्य कुराहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१४. यस सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१५. सूचनामा भएका शर्त र बोलपत्रका शर्तहरुका अलावा आवश्यक अन्य शर्तहरु सम्झौता पत्रमा राख्न सकिनेछ ।